नेपाल सरकार

# संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

(प्रशासन शाखा)

पत्र सँख्या : २०७८/७९

चलानी नं:

सिंहदरबार,काठमाण्डौ

मिति २०७८/१०/१२

## अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानमा तोकिएको भन्दा वढी भाडादर तिर्न बाध्य भई मर्का परेका यात्रुहरुको गुनासो संकलन सम्बन्धी सूचना ।

कोभिड -१९ को संक्रमणको पहिलो चरणमा नेपाल सरकारबाट बन्दाबन्दीको घोषणा भए पश्चात अलपत्र परेका व्यक्तिहरुलाई स्वदेश फर्काउन सहजीकरण गर्ने क्रममा अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानको व्यवस्था भएको थियो ।नेपाल नागरिक उड्डयन प्राधिकरणमा बुझाएको हवाई भाडादर भन्दा बढी लिएको भनी प्राप्त भएका विभिन्न गुनासोहरुको सम्वन्धमा छानविन समिति गठन भएको थियो । उल्लेखित विषयमा हाल सम्म पनि गुनासोहरु आइरेहको सन्दर्भमा हवाई भाडादर तिर्न बाध्य भइ मर्का परेका यात्रुहरुको गुनासो संकलन गर्न सक्नेगरी निवेदन दिन यस मन्त्रालयको इमेल info@tourism.gov.np मा अन्तर्राष्ट्रिय यात्रु चार्टर उडानमा बढी भाडा तिर्न बाध्य भइ मर्का परेमा महानुभावहरुले आधिकारिक कागजात सहित ७ (सात) दिनभित्र निवेदन इमेल गरी छानविन कार्यमा सहयोग पुर्याइदिनु हुन भन्ने व्यहोराको सूचना यस मन्त्रालयबाट मिति २०७८।१०।१० गते प्रकाशित भएको थियो ।

गुनासोकर्ताहरुको गोपनीयताको समेत मध्यनजर गर्दै अन्तर्राष्ट्रिय यात्रु चार्टर उडान गर्दा तोकिएको भाडादर भन्दा बढी भाडा तिर्न बाध्य भएका यात्रुहरुले सम्वद्ध आधिकारिक कागजातहरु सहित यस मन्त्रालयको Whats App / Viber No. ९८१३५२३६९७ मा ह्वाट्स एप र भाइबर समेत गर्नु हुन जानकारी गराइन्छ ।

(टेकनारायण पौडेल)

उपसचिव